# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लहान, (सिरहा)
प्रदेश नं. २ नेपाल
(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)

मिति :- २०७७/०५/१७

## नदीजन्य पदार्थका विक्रीका लागि वोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०५/१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४, र यस लहान नगरपालिकाको आर्थिक ऐन, मिति २०७७/०३/१० आ.व. २०७७/०७८ को छैठौं नगरसभावाट पारित निर्णय नं. २ व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लहान नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही वोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सि.नं. | सूचना नं./ब्रोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर/आयकर/दुर्गा पुजा चन्दा वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७७/०७८ | नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | १,३७,८६९।९० (घनमीटर) ४८,६८,८२९।५७ (घनफिट) | १,४६,०५,९३७.२१ | ७,३०,२९७ | ३,०००।- |

### शर्तहरु :-

०१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७६/०७७ का करचूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक शाखा कार्यालय लहान नगरपालिकामा रहेको यस कार्यालयको खाता नं. ०३६०३००००१००१००००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट वोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट वोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले सार्वजनिक खरिद गर्न सक्ने व्यवस्थागरिएको छ । तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको ३,०००।- वा यस कार्यालयको वैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई वोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

०२. वोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंकमा रहको धरौटी खाता नं.०३६०३००००३००००००००१ जम्मा गरी सोको सक्कल वैंक भौचर वा नेपाल राष्ट्रिय वैंकबाट इजाजत प्राप्त वाणिज्य वैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं.र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलवन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

०३. खरिद गरेको वोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

०४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

०५. प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले १२ औं दिनको २:०० वजे लहान नगरपालिका कार्यालयमा हुनेछ । ईच्छुक वोलपत्रदाताहरुले उक्त वैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

०६. वोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुादा सोही पूस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

०७. वोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टास भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ । दोश्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्रिय वैंकवाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको वैंक ग्यारेन्टी (परफंरमेन्स वन्ड) समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

०८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरिनेछ । यस नगारपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौतको अभिन्न अंङ्ग मानिनेछ ।

2077/5/16

प्रमुख प्रशासकीय अधिकृत